कंचनपुर जिल्लाको कृष्णपुरमा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडद्वारा

# ग्राहक सदस्यहरुको लागि वित्तीय साक्षरता तालिम सम्पन्न




काठमाण्डौं नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका आफ्ना ४६ जना ग्राहक सदस्यहरुको सहभागितामा २०७५ साल फाल्गुण ६ गते कंचनपूर जिल्लाको कृष्णपूर नगरपालिका वडा न. ६ मा **"ग्राहक सदस्यहरुको लागि वित्तीय साक्षरता तालिम"** सम्पन्न गरेको संस्थाका अत्तरीया शाखा कार्यालयका शाखा प्रमुख श्री बूद्धि प्रकाश घिमिरेले जानकारी गराएका थिए । यस तालिममा प्रशिक्षकहरु श्री बूद्धि प्रकाश घिमिरे, श्री अजय रसायली र श्री लक्ष्मी कूमारी कार्की रहनु भएको थियो ।

एक परिवारमा एक जना उद्यमी बनाउन संस्थाले पहल गरी रहेको, संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिईरहेको यस संस्थाबाट कर्जा लिई व्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नत तिर अगाडि बढेको र अत्तरीया शाखा बाटमात्र २८३२ जना सदस्यहरु लाई वित्तीय सेवा प्रदान गरिरहेको र १४५७ जना सदस्यहरुले करिव ११ करोड कर्जा लीई आफ्नो व्यवसाय विस्तार गरि आर्थिक स्थिती सवल पारीरहनु भएको साथै शाखामा माघ मसान्त सम्म ६ करोड ५८ लाख सदस्यहरुको वचत रहेको संस्थाका शाखा प्रमूख श्री बूद्धि प्रकाश घिमिरेले बताउनु भएको थीयो । तालिममा सहभागीहरुलाई स्वागत गर्नुका साथै तालिमको उद्देश्यबारेमा संस्थाको अत्तरीया शाखा

कार्यालयका सहायक कर्मचारी श्री लक्ष्मी कुमारी कार्कीले साक्षरता तालीम संचालन गर्नु भएको थियो ।

यस तालिममा ग्राहक सदस्यहरुले वित्तीय साक्षरता तालिम एक परिचय, वित्तीय साक्षरताको महत्व, उद्देश्य, वित्तीय लक्ष्य निर्धारण, बचत परिचालन, कर्जा व्यवस्थापन तथा कर्जा सदुपयोगिता, वित्तीय अनुशासन, सेवा सुविधाको छनौट प्रक्रिया तथा आम्दानी खर्च, जोखिम व्यवस्थापन, बिमा, विप्रेषण सेवा, व्यवसायिक योजना, व्यवसायिक योजना बनाउँदा ध्यानदिनु पर्ने कुराहरु, बचतको महत्व तथा बैंकको पब्लिक डिपोजिटको बारेमा, संस्थाले प्रदान गरी रहेका सेवा सुविधाका बारेमा यस शाखा कार्यालयका लेखापाल श्री अजय रसायलीले प्रष्ट पार्नु भएको थियो ।




यस निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड ७ वटै प्रदेशका देशको ७७ वटै जिल्लाहरुको शाखा संञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त संस्था हो । संस्थाले १८१ वटा शाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी संस्थाले लघुवित्त सेवा पुर्‍याई रहेको छ । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई विनाधितो लगानी गर्नुका साथै सीपमूलक तालिम, उद्यमशीलता विकास तालिम, सचेतना मूलक कार्यक्रमहरु संचालन गर्दै आर्थिक, सामाजिक, बौंद्धिक विकास गर्दै आई रहेको छ । यस संस्थाले देशको कुनाकुनामा शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीपविकास तालिम प्रदान गर्दै आई रहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आई रहेकोछ ।

संस्थाले २०७५ पौष मसान्त सम्ममा करिव ३ लाख ३८ हजार २०० घरपरिवारहरुमा सेवाविस्तार गरेको छ । संस्थाले २०७५ पौष मसान्तसम्ममा लगानीमा रहेको कर्जा रु. १७ अरब ९ करोड १७ लाखरहेको छ भने ग्राहक सदस्यहरुको ९ अरब ६८ करोड ७४ लाख बचत परिचालन गरेको छ । व्यवसाय गरी रहेका संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदानगर्न यस तालिममा सहभागी गराईएको संस्थाका अत्तरीयाका शाखाका शाखा प्रमुख श्री बूद्धि प्रकाश घिमिरेले जानकारी गराएका थिए ।